Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७७/७८

च.नं.

मिति: २०७८/०१/१५

**कोभिड -१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी सार्वजनिक हितमा जारी सूचना ।**

नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएको वर्तमान सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि देहाय अनुसारका स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डहरुको पालना गर्नु गराउनुहुन बेसीशहर नगरपालिका यहाँहरु सबैमा सादर अनुरोध गर्दछ ।

देहाय :

- अत्यावश्यक काम बाहेक अनावश्यक रुपमा घर बाहिर ननिस्किनुहुन र आवत जावत नगर्नुहुन।
- घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुहुन तथा प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्नुहुन ।
- सभा सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा बैठक, तालिम जस्ता क्रियाकलापहरु संचालन गर्दा संभव भएसम्म भर्चुअल माध्यमबाट गर्नुहुन तथा भौतिक रुपमा उपस्थित भइ गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संचालन गर्नुहुन।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मात्र यस्ता कार्यहरु संचालन गर्नु गराउनुहुन ।
- ज्वरो आएमा वा खोकी लागेमा वा श्वासप्रश्वासमा असहज महसुस भएमा नजिकको स्वास्थ्य संस्था वा बेसीशहर नगरपालिकाको स्वास्थ्य शाखा वा सम्पर्क नम्बर ९८५६०४६५७७/९८६६०२१२१६ मा सम्पर्क गर्नुहुन ।

२०७८/१/१५
लिला बल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत